आज मिति २०८३/०१/०८ गतेको दिन बिहान १०:३० बजे यस ब्रह्मपुरी गाउँ कार्यपालिका प्रमुख श्री राम पदारथ साह तेलि ज्युको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न अनुसारको पदाधिकारिको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष श्री राम पदारथ साह तेली | अध्यक्ष |
| २. | गाउँपालिका उपाध्यक्ष श्री श्यामकला यादव | सदस्य |
| ३. | वडा नं. १ अध्यक्ष श्री निरन्जन प्रसाद कलवार | सदस्य |
| ४. | वडा नं. २ अध्यक्ष श्री शंकर साह | सदस्य |
| ५. | वडा नं. ३ अध्यक्ष श्री गौतम कुमार यादव | सदस्य |
| ६. | वडा नं. ४ अध्यक्ष श्री श्याम बाबु साह | सदस्य |
| ७. | वडा नं. ५ अध्यक्ष श्री नबिन कुमार यादव | सदस्य |
| ८. | वडा नं. ६ अध्यक्ष श्री हिरेन्द्र कुमार यादव | सदस्य |
| ९. | वडा नं. ७ अध्यक्ष श्री राम सागर महतो कोइरी | सदस्य |
| १०. | का. स. श्री बिना कुमारी देवी | सदस्य |
| ११. | का. स. श्री दशरथ साह कानु | सदस्य |
| १२. | का. स. श्री पल्टु माझी | सदस्य |
| १३. | का. स. श्री रेखा कुमारी महतो | सदस्य |
| १४. | का. स. श्री शिव दुलारी देवी | सदस्य |
| १५. | का. स. श्री शान्ति देवी | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत श्री धनन्जय प्रसाद दास | सदस्य सचिव |

<u>आमन्त्रित</u>

| | | |
|---|---|---|
| १७. | प्रशासन शाखा प्रमुख श्री रामा कान्त शाह | ज.स्वा.नि.(छैठौं) |

**प्रस्तावना नं. १ प्रतिक चिन्ह (लोगो) छनौट सम्बन्धमा।**

**निर्णय नं. १,** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कार्यालयबाट प्रतीक चिन्ह निर्माण सम्बन्धि मिति २०८२।१२।१६ गते प्रकाशित सुचना अनुसार पेश हुन आएका निवेदनलाई मिति २०८२।१२।१४ गते प्रतीक चिन्ह (लोगो) छनौट समितिको निर्णायानुसार जिल्ला सर्लाही धनकौल गा.पा.वडा नं.५ बस्ने श्री सुशिल कुमार महतोले पेश गरेका प्रतिक चिन्ह (लोगो)मा यस ब्रह्मपुरी गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, प्राकृतिक, सामाजिक, धार्मिक, साँस्कृतिक एवम् विशिष्ट मौलिक पहिचानं झल्कने भएको तथा तोकिएको मापदण्ड बमोजिमको प्रतिक चिन्ह पेश गरेको हुँनाले निजको प्रतिक चिन्हलाई छनौटको लागि सिफारिस भई पेश हुन आएकोले निजको प्रतिक चिन्ह (लोगो) लाई छनौट गरी लोगो निर्माणकर्तालाई प्रमाणपत्र साथ रकम रु ३०,०००/- नगद पुरस्कार प्रदान गर्ने निर्णय गरियो। साथै उक्त छनौट लोगोलाई स्थानीय राजपत्रमा समेत प्रकाशन गरी प्रयोगमा ल्याउने निर्णय गरियो। प्रतिक चिन्ह( लिगो) देहाय बमोजिमको स्वीकृत गर्ने निर्णय गरियो।

ब्रह्मपुरी गाउँपालिका

ब्रह्मपुरी, सर्लाही

स्था.२०७३

**प्रस्तावना नं. २ सुबिधा सहितको एकिकृत दलित बस्ती निर्माण कार्यको सम्झौता सम्बन्धमा।**

निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गा.पा. अन्तर्गत वडा नं.६मा सुबिधा सहितको एकिकृत दलित बस्ती निर्माण कार्यको लागि मिति २०८२/१०/२५ गतेमा ३० दिने सुचना प्रकाशित भई मिति २०८२।१२।०९ गतेको निर्णयानुसार सबै भन्दा घटी कवोल गर्ने ठे. श्री मुक्तेश्वर महादेव निर्माण सेवा प्रा.लि. बागमती सर्लाहीको बोलपत्र स्वीकृत भई मिति २०८२।१२।०९ गते मा सम्झौताको लागि पत्राचार गरिएको छ। निज ठेगेदारले मिति २०८३।०१।०३ गते सम्झौताको लागि कागजात पेश गर्दा Work shedule को म्याद ५ महिना राखि पेश गरेको कारण सम्झौता हुन नसकेकोले समयाभावको कारण समय मै निर्माण कार्य सम्पन्न हुन सक्ने अवस्था नरहेकोले हालको लागि निज ठेगेदारले पेश गरेको Work shedule लाई स्वीकार गर्दै सम्झौता को प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**<u>प्रस्ताव नं.३</u> आर्थिक सहायता सम्बन्धमा( ।**

<u>निर्णय नं.३</u> प्रस्ताव नं.३ माथि छलफल गर्दा माथिका यस ब्रह्मपुरी गाउँपालिका अन्तर्गत तपसिलमा उल्लेखित व्यक्तिहरु आर्थिक रुपले विपन्नता परिवार भएकोले परिवारिक अवस्था निकै कमजोर भएकोले निजको र निजको परिवारको उपचार गर्न असमर्थ रहेको हुनाले आर्थिक सहयोग ब्रह्मपुरी गाउँपालिका,गाँउ कार्यपालिकाको कार्यालयले आर्थिक सहायता वितरण कार्यविधि २०७९ बमोजिम गा.पा. अध्यक्ष ज्युको तोका आदेश अनुसारको आर्थिक सहायता रकम दिने निर्णय गरियो।

| क.सं. | नाम र ठेगाना | तोक आदेश लागेको रकम रु. |
|---|---|---|
| १ | वडा नं. २ बस्ने नागेन्द्र महराको पत्नी श्री सोहागिन देवी | ५०००/- |
| २ | वडा नं.१ बस्ने जय प्रकाश यादव को पत्नी श्री अमिर्का देवी | ७०००/- |

**<u>प्रस्ताव नं.४</u> ब्रह्मपुरी गाउँपालिकाको बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका २०८२ को विधेयकको मस्यौदालाई स्वीकृत गर्ने सम्बन्धमा।**

<u>निर्णय नं.४</u> प्रस्ताव नं.४ माथि छलफल गर्दा ब्रह्मपुरी गाउँपालिका अन्तर्गत विधान समितिको मिति २०८३।०१।०५ गते निर्णयानुसार पेश हुन आएको हुनाले ब्रह्मपुरी गाउँपालिकामा बालविवाह मुक्त अभियान सञ्चालन गरी बालविवाह मुक्त वडा तथा पालिका निर्माण गरी बालअधिकारको संरक्षण र प्रबर्धन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ब्रह्मपुरी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनले दिएको अधिकार प्रयोग गरी ब्रह्मपुरी गाउँपालिकाको बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका, २०८२ को विधेयकको मस्यौदालाई लाई स्वीकृत गर्ने निर्णय गरियो।

**<u>प्रस्ताव नं.५</u>ब्रह्मपुरी गाउँपालिकाको बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि २०८२ को विधेयकको मस्यौदालाई स्वीकृत गर्ने सम्बन्धमा।**

<u>निर्णय नं.५</u> प्रस्ताव नं.६ माथि छलफल गर्दा ब्रह्मपुरी गाउँपालिका अन्तर्गत विधान समितिको मिति २०८३।०१।०५ गते निर्णयानुसार पेश हुन आएको हुनाले ब्रह्मपुरी गाउँपालिका बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्वर्द्धन गरी बालमैत्री गाउँपालिकाको निर्माण गर्दै बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न समयानुकुल कानूनी व्यवस्था गर्न बानञ्छनीय भएकोले, बालबालिका सम्बन्धी ऐन २०७५, प्रदेश बाल अधिकार सम्बन्धी ऐन २०७७ र बालबालिका सम्बन्धी विद्यमान कानूनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेका विषयहरुलाई कार्यान्वियन गर्न नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बाल अधिकार संरक्षण तथा प्रर्वद्धन कार्यविधि, २०८२ को विधेयकको मस्यौदालाई लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>प्रस्ताव नं.६</u> ब्रह्मपुरी गाउँपालिकाको स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि २०८२ को विधेयकको मस्यौदालाई स्वीकृत गर्ने सम्बन्धमा।**

<u>निर्णय नं.६</u> प्रस्ताव नं.६ माथि छलफल गर्दा ब्रह्मपुरी गाउँपालिका अन्तर्गत विधान समितिको मिति २०८३।०१।०५ गते निर्णयानुसार पेश हुन आएको हुनाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा २ र मधेश प्रदेश सरकारको प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७७ को दफा ४२ बमोजिम/बाल अधिकारको संरक्षण र सम्बर्धनका लागि वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार तथा ब्रह्मपुरी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०८२ को दफा ४ को अधिकार प्रयोग गरी ब्रह्मपुरी गाउँपालिकाको बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि, २०८२ को विधेयकको मस्यौदालाई लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>प्रस्ताव नं.७</u> आ.व. २०८३-०८४का लागी आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

<u>निर्णय नं७</u> प्रस्ताव नं.७ माथि छलफल गर्दा मिति २०८२।१२।१२ गते अर्थ मन्त्रालय, मधेश प्रदेशद्वारा आ.व. ०८३/०८४ का लागि मधेश प्रदेशबाट स्थानीय तहलाई प्रदान हुने सर्शत,समपुरक र विशेष अनुदान तर्फ आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी प्रकाशित सुचनानुसार यस कार्यालयबाट देहायको आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

सर्शत तर्फः-

१. ब्रह्मपुरी वडा नं.३ को उत्पीडित दलित प्रा.वि.मा भवन तथा कम्पाउण्ड वाल निर्माण कार्य

<u>विशेष अनुदान तर्फः-</u>

१. वडा नं. १ देखि ३ सम्म स्यालो टुवेल जडान कार्य

<u>समपुरक अनुदान तर्फः</u>

१. वडा नं. १ देखि ३ सम्म सोलार बत्ती जडान कार्य